# सुन्दरहरैंचा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

मोरङ्ग, प्रदेश नं.१, नेपाल

# सम्झौता फारम

उ.स. को नामः ................................................................................................

कामको नामः ...................................................................................................

योजनाको नामः ................................................................................................

स्थानः ...............................................................................................................

**दर्ता/सम्झौता नं.................................**

आ.व. २०७४।०७५

# सुन्दरहरैचा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

### मोरङ्ग, प्रदेश नं.१, नेपाल

## सम्झौता-पत्र २०७४

**यस नगरपालिका र श्री ........................................................................................ उपभोक्ता समिति, ....................................................................................................... बीच मिति ............................... मा भएको सम्झौताको फेहरिस्तः**

योजनाको नामः ................................................................

कार्यक्रमको नामः ..............................................................

संस्थाको नामः ..............................................................................

ठेगानाः .......................................................................................

जम्मा सम्झौता रकमः रु.

उपभोक्ता समितिले जनश्रमदान मार्फत गर्नुपर्ने कार्यः रु.

उपभोक्ता समितिले कार्य गरे बापत भुक्तानी हुने रकमः रू.

काम सुरु गर्नुपर्ने मितिः-

काम सम्पन्न गर्नुपर्ने मितिः-

**लाभान्वीत संख्या**

महिला .....................

पुरुष ....................

अन्य..............................

जम्मा .............

**शर्तहरु:**

१. सबै कामहरु इन्जिनियरिङ्ग नर्म्स्, प्राविधिक नक्शा, संलग्न प्राविधिक स्पेसिफिकेसन एवम् कार्यालय वा कार्यालयले तोकेको प्रतिनिधिको निर्देशनानुसार गर्नुपर्नेछ

२. सम्झौता बमोजिमको कार्य उपभोक्ता समिति आफैंले गर्नु पर्नेछ; निर्माण व्यवसायी वा अन्य माध्यमबाट गराउन पाइने छैन ।

३. त्रुटी सच्याउने/भूल सुधार गर्ने अवधि सम्पूर्ण कार्य सम्पन्न भएका मितिले ३६५ दिनको रहनेछ ।

४. उपभोक्ता समितिले कार्यालयबाट भुक्तानी पाएको रकम दुरुपयोग गरेको बुझिन आएमा छानबीन गरी दुरुपयोग भएजति रकम समितिका संलग्न पदाधिकारीबाट दामासाहीले सरकारी बाँकी सरह असूलउपर गरिनेछ ।

५. कुनै कारणवश काम सम्पन्न गर्नुपर्ने मितिभित्र समितिले कार्य सम्पन्न गर्न नसकेमा सो काम सम्पन्न गर्नु पर्ने म्यादभन्दा कम्तीमा ७ दिन अगावै कार्यालयमा उचित कारण खुलाई म्याद थपका लागि निवेदन दिनु पर्नेछ जसउपर कार्यालयबाट सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२० मा व्यवस्था भए बमोजिम कारवाही वढाइनेछ । तर एक आर्थिक वर्षबाट अर्को आर्थिक वर्षमा म्याद जाने गरी म्याद थप गरिने छैन ।

६. सम्पन्न कार्यको मर्मत संभार तथा संचालन नियम बमोजिम सम्बन्धित उपभोक्ता समितिले गर्नु पर्नेछ ।

७. सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ र ११ मा उल्लेख भएको अभिलेख उपभोक्ता समितिले अनिवार्य रुपमा राखी भुक्तानी माग गर्दा सोको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

८. उपभोक्ता समितिबाट संचालन हुने निर्माण कार्यमा लोडर,एक्स्काभेटर, डोजर जस्ता भारी उपकरणहरु लागत अनुमानमा भएमा वाहेक प्रयोग गर्न पाइने छैन ।

९. उपभोक्ता संस्थाले सम्पादित कार्यको भुक्तानी माग गर्दा सो साथ प्राविधिक मूल्याङ्कन, बिल, भरपाइ र खर्चलाई प्रमाणित गर्ने कागजात, खर्च सार्वजनिकरण गरेको विवरण सो समितिको बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्नेछ ।

१०. प्राविधिकले तोकेवमोजिमको योजनाको विवरण सहितको होडिग वोड राख्नु पर्नेछ ।

११. अनुगमन समिति, जनप्रतिनिधि तथा अन्य नियामक संस्थावाट हुने अनुगमनमा योजनाको स्थलगत अनुगमन तथा विवरण उपलव्ध गराउने समितिको दायित्व हुनेछ ।

१२. समितिले बैक खाता मार्फत कारोवार गर्नु पर्नेछ । नगरपालिकाको सहभागीता वापतको रकम समितिको बैक खातामा जम्मा गरिनेछ ।

१३. नेपाल सरकार तथा नगरपालिकाले तोकेको कर तथा शुल्क कट्टा गरि रकम भुक्तानी गरिनेछ ।

१४. प्रचलित कानून वमोजिमका विल भरपाईहरु पेश गर्नु पर्नेछ ।

१५. योजना सम्पन्न भए पछि नगरपालिका/वडा कार्यालयवाट उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ ।

१६. योजनाको शुरु, मध्य र अन्त्य पछिको फोटोहरु पेश गर्नु पर्नेछ ।

१७. अन्य विषयको हकमा प्रचलित ऐन कानून तथा विभागीय निर्देशनअनुसार हुनेछ ।

उपरोक्त बमोजिमको काम यसैसाथ संलग्न परिमाणहरुको विवरण मा उल्लेख भए बमोजिमको आइटमवाइज परिमाण र दरअनुसार गर्ने गराउने कुरामा दुबै पक्ष मन्जूर भई आज मिति ........................................का दिन सहीछाप गरिदियौंलियौं ।

| | |
|---|---|
| उपभोसमितिको तर्फबाट | कार्यालयको तर्फबाट दस्तखत : |
| दस्तखत : | दस्तखत : |
| नाम : .................................. | नाम : .................... |
| पद : अध्यक्ष | पद : ........................ |
| रोहवर : | रोहवर : |

**बोधार्थः**

१. श्री ....................,

२. श्री लेखा शाखा, सुन्दरहरैचा नगरपालिका